फोन नं. :- ०७६-५५०३४७
इमेल :-pmamp.piu.kapilvastu@gmail.com
वेबसाइट :- www.kapilvastu.pmamp.gov.np

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
# परियोजना कार्यान्वयन एकाइ, कपिलवस्तु

प.सं. : २०८१/८२

## प्रस्ताव आह्वान सम्बन्धि सूचना
## सूचना नम्बर:-०७/२०८१-०८२

**दोस्रो पटक प्रकाशित सूचना मिति:- २०८१/०७/०५**

आ.व २०८१/०८२ मा प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना परियोजना कार्यान्वयन एकाइ कपिलवस्तु अन्तर्गत तरकारी जोन तथा माछा जोन क्षेत्रमा क्रमशः तरकारी ब्लक उत्पादन प्रदर्शन कार्यक्रम (तरकारी विकास कार्यक्रम) तथा उन्नत नश्ल माछाको उत्पादन तथा उत्पादकत्व वृद्धि प्रदर्शनी कार्यक्रम गर्नुपर्ने भएकोले ईच्छुक कृषि समूह/सहकारी, कृषि फर्म, वन/जल उपभोक्ता समितिहरूले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन अर्थात २०८१/०७/११ भित्र यस परियोजनामा तोकिएको ढाँचा अनुसूची-१० अनुसार आवेदन दर्ता गर्नुहुन सबैमा जानकारी गराईन्छ।

कार्यक्रमहरु:-

| क्र. सं. | कार्यक्रम संचालन हुने जोन/सुपरजोन क्षेत्र | कार्यक्रम विवरण | इकाई | लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|
| १ | तरकारी जोन | तरकारी ब्लक उत्पादन प्रदर्शन कार्यक्रम | संख्या | १० | न्यूनतम १५ कठ्ठामा तरकारीको उत्पादन प्रदर्शन |
| २ | माछा जोन | उन्नत नश्ल माछाको उत्पादन तथा उत्पादकत्व वृद्धि प्रदर्शनी कार्यक्रम | संख्या | ५ | न्यूनतम १५ कठ्ठा जलाशय क्षेत्रफलमा माछा उत्पादन प्रदर्शन |

आवेदन साथ पेश गर्नु पर्ने आवश्यक कागजातहरु:-

१. रु १० को टिकट टाँसेको अनुसूची १० अनुसार निवेदन। अनुसुचि-१० फर्मेट परियोजनाको वेबसाईट www.kapilvastu.pmamp.gov.np बाट download गर्न सकिनेछ ।
२. नागरिकताको प्रतिलिपि।
३. समूह/सहकारी/समितिको हकमा निर्णयको प्रतिलिपी ।
४. स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपी र करचुक्ता प्रमाणपत्रको प्रतिलिपी।
५. समूह/सहकारी/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी।
६. जग्गाधनी प्रमाणपत्र प्रतिलिपी (न्यूनतम ०-१५-० अनिवार्य)।
७. करारमा जग्गा लिएको भए कम्तिमा ५ वर्षको करार सम्झौताको प्रतिलिपी।
८. वन/जल उपभोक्ता समितिको हकमा वनको अनुमति सिफारिस पत्र प्रतिलिपी।
९. सम्पूर्ण कागजात फाइलिङ्ग गरि पेश गर्नु पर्नेछ र सम्पर्क नम्बर अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ।

विस्तृत जानकारीका लागि :- परियोजना कार्यान्वयन एकाइ, जितपुर कपिलवस्तुमा सम्पर्क गर्नुहोला । सम्पर्क नं. ०७६-५५०३४७

Chaudhary
मथुराम चौधरी (कृषि)
वरिष्ठ कृषि अधिकृत